# स्थानीय राजपत्र

## किस्पाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः ७

भाग-२

### १०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यान्वयन कार्यविधि, २०७९

मूल्य रु. १५

किस्पाङ गाउँपालिका

# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः७

## भाग-२

**१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यान्वयन कार्यविधि, २०७९**

**प्रस्तावनाः** परम्परागत शैलीको गाई गोठलाई सुधार गरी आधुनिक गोठ बनाउन जोड दिंदै नमूना गाईपालन कार्यक्रम संचालन मार्फत यस पेशाको व्यवसायीकरण गरी पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने, खेतबारीका लागि उपयोगी प्राङ्गारिक मलको उत्पादन गर्नुका साथै कृषकहरुलाई आधुनिक पशुपालन पेशामा थप आकर्षित गर्ने उद्देश्यले गाई/भैंसीपालन पद्धतीलाई व्यवस्थित, सरल,

प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न किस्पाङ गाउँपालिका "**१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यान्वयन कार्यविधि, २०७९**" बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम नमूना "**१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यान्वयन कार्यविधि, २०७९**" कार्यान्वयन कार्यविधि, २०७९ " रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमायस कार्यविधिमा-

(क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका, काहुले, नुवाकोटलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका " भन्नाले किस्पाङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "कार्यक्रम" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यान्वयन कार्यविधि, २०७९** कार्यक्रम सम्झनु पर्दछ ।

घ) "कृषक" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न समूहमा आबद्द वा फर्म दर्तावाला कृषक सम्झनुपर्दछ ।

ङ) "कृषि फर्म" भन्नाले गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भएको कृषि फार्म सम्झनुपर्दछ ।

(च)“आवेदक”भन्नाले साझेदारीमा नमूना गाई/भैंसी पालन कार्यक्रम संचालन गर्न ईच्छुक भई प्रस्ताव पेश गर्नेकृषक समूह/सहकारी/निजी उद्यमी सम्झनु पर्छ ।

किस्पाङ गाउँपालिका

(छ) “कार्यक्रम” भन्नाले किस्पाङ गाउँपालिका पशुसेवा शाखाको **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यान्वयन कार्यविधि, २०७९** कार्यान्वयन कार्यविधि, २०७९" अन्तर्गत संचालन हुने युवा कृषकको लागी नमुना पशु विकास फार्म सूधार, विकास र विस्तार सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्छ ।

(ज) “कार्यालय” भन्नाले किस्पाङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(झ) “पशु सेवा शाखा” भन्नाले किस्पाङ गाउँ कार्यपालिका कार्यालय अन्तर्गत को पशुसेवा शाखा सम्झनुपर्छ।

(ञ) “प्रस्ताव” भन्नालेकृषक, फर्म, सहकारीले कार्यक्रम संचालनको लागि आवेदन साथ पेश गरेको व्यवसायीक कार्ययोजना सम्झनु पर्छ ।

(ट) “साझेदार संस्था” भन्नाले प्रस्ताव छनौट भई कार्यालयसँग द्विपक्षीय सम्झौता गर्ने आवेदक संस्था सम्झनु पर्छ।

(ठ) “मूल्याङ्कन समिति” भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्दछ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) आधुनिक शैलीको प्रविधियुक्त गोठ निर्माण गर्ने,

(ख) नमूना गाई/भैंसी पालनबाट गुणस्तरीय दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ग) कृषकको आयस्तरमा वृद्धि गर्ने,

(घ) प्राङ्गगारिक कृषि उत्पादनलाई प्रवर्धन गर्ने,

(ङ) रोजगारी श्रृजना गर्ने ।

## परिच्छेद २

## मूल्याङ्कन समिति

**४. मूल्याङ्कन समितिः**(१) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरि स्वीकृतका लागि कार्यालयमा सिफारिस गर्ने तपसिल बमोजिमको मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रमुख वा प्रतिनिधी, खरिद ईकाइ | सदस्य |
| प्रतिनिधी,आर्थिक विकास समिति | सदस्य |
| प्रमुख, पशु सेवा शाखा | सदस्य सचिव |

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा विशेषज्ञका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम संचालन प्रकृया

**५. प्रस्ताव आव्हानः**(१) कार्यालयले कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक कृषकलाई लक्षित गरी प्रस्ताव पेश गर्न कार्यालयमा पन्ध्र (१५) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) माग अनुसारको प्रस्ताव दर्ता हुन नआएको खण्डमा कार्यालयलेसात (७) दिनको म्याद दिई पूनः प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ।

**६. प्रस्ताव दर्ताः** साझेदारी गर्न ईच्छुक आवेदकले दफा ५ बमोजिमको समय अवधीभित्र अनुसूची-२ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको प्रतिवद्धता-पत्र,अनुसूचि ५ बमोजिमको स्वघोषणा, अनुसूची-६ बमोजिमको व्यवसायिक कार्ययोजना तथा अनुसूची-१ बमोजिमको सूचनामा उल्लेखित थप कागजातहरू संलग्न राखी कार्यालयमा आवेदन दर्ता गर्नु पर्नेछ ।

**७. प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण**

(१) मूल्याङ्कन समितिले अनुसूची-८ बमोजिमको स्थलगत प्रमाणिकरणको प्रतिवेदन तथा अनुसुचि-९ बमोजिमको मूल्याङ्कनका आधारहरुबाट उपयुक्त प्रस्तावहरूको छनौटका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

(२) मूल्याङ्कन समितिले छनौटका लागि सिफारिस गर्दा मूल्याङ्कनमा ५० प्रतिशत वा सो भन्दा बढी प्राप्त आवेदकको प्रस्तावलाई मात्र छनौटका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ।

(३) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ।

८. **प्रस्तावको जानकारी:** स्वीकृत भएका प्रस्तावको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/उजूरी गर्न सात (७) दिनको समय सिमा राखी स्वीकृत प्रस्ताव र आवेदकको नामावली सहित कार्यालयले सूचना प्रकाशन गर्नेछ।

९. **सम्झौताः** (१) स्वीकृत प्रस्तावका आवेदकहरूसँग कार्यालयले निवेदन/उजूरी दिने म्याद सकिएको पन्ध्र दिन (१५) भित्र अनुसूची-१० बमोजिमको द्विपक्षिय सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिक आवेदकसँग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

## परिच्छेद-४
## कार्यक्रम संचालनका आर्थिक पक्ष

**१०. भुक्तानी**

(१) अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएको कार्यहरूमा खर्च गर्न पाईने छैन।

(२) अनुदान रकम उपलब्ध गराउन सकिने कृयाकलापहरू अनुसूचि ३ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस कार्यक्रमका अनुदानका लागि सिफारिस भएका प्रस्तावलाई कार्यक्रमको स्वीकृत बजेटको परिधिमा रहि आवेदकले पेश गरेको प्रस्तावको ५० प्रतिशत भन्दा नबढ्ने गरि बढिमा २ लाख रूपैंया सम्मअनुदान उपलब्ध गराउन सकिने छ।

(४) साँझेदार संस्थाले सम्झौता अनुसारको कार्य सम्पन्न गरे पश्चात विल/विजक,प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन, भरपाई तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात कार्यालयले स्थलगत निरिक्षण गरी मनासिव देखिएमा अनुदान रकमको दुई प्रतिशत कन्टिनजेन्सी र नियमानुसार कर कट्टा गरि हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गर्नेछ। साझेदार संस्थाले सम्झौता अनुसार पेश्की रकम माग गरेको

किस्पाङ गाउँपालिका

खण्डमा अनुदानमा उपलब्ध गराउने रकमको बढीमा २५ प्रतिशत सम्म रकम रनिङ्ग बिलका आधारमा पेश्की स्वरूप उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-५

## योग्यता

**११. आवेदकको न्यूनतम योग्यताः**(१) आवेदकले निम्न उल्लेखित न्यूनतम योग्यता पूरा गरेको हुनु पर्नेछ।

(क) आवेदक कृषकको हकमाकृषि तथा पशुपालन समूहमा आबद्ध भए गाउँपालिकाम दर्ता वा सूचीकृत भएको समूहहुनु पर्नेछ ।

(ख) आवेदक फर्मको हकमा गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भएको हुनु पर्नेछ ।

(ग) आवेदक कृषि फर्मको न्युनतम ३ वटा दुहुनो गाई वा भैंसी गरी जम्मा पशु कम्तीमा ५ वटा माउ हुनु पर्नेछ ।

(घ) कार्यक्रम संचालन गर्ने आ.व. मा कुनै पनि सरकारी अनुदान नलिएको हुनु पर्ने ।

(ङ) आवेदक कृषक वा फर्म कुनै बैंक वित्तीय संस्था वा सरकारी निकायको कालो सूचिमा नपरेको हुनुपर्ने छ। यसका लागि आवेदकले अनुसूचि-५ बमोजिम स्वघोषणा गर्नु पर्नेछ।

(च) कार्यक्रमको लागि अनुदान रकम माग गर्दा प्रस्तावकसँग घाँस खेतीको लागि समूहमा आबद्दकृषकको हकमा ५ रोपनी र फर्मको हकमा न्यूनतम १० रोपनि जग्गा आफ्नै वा कम्तिमा ५ वर्षको लागि करार सम्झौतामा अवधि भएको हुने गरि जग्गा उपलब्ध हुनु पर्नेछ।

(छ) जग्गा करार सम्झौता सम्बन्धित वडाबाट प्रतिलिपी प्रमाणित गरि प्रस्तावको साथ पेश गर्नु पर्नेछ।

(ज) कार्यक्रममा न्युनतम ५० प्रतिशत लागत साझेदारी गर्नु पर्ने ।

(झ) आवेदकले हाल सम्म दुध बिक्रिवितरण गरिरहेको हुनु पर्नेछ।

(ञ) आवेदकले कार्यक्रम संचालन गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालना गरेको हुनु पर्नेछ।

किस्पाङ गाउँपालिका

(२) न्यूनतम आवश्यक योग्यता नपुगेको प्रस्ताव वा न्यूनतम योग्यता पूरा भएको कागजात पेश नभएको प्रस्ताव दुबैलाई यस कार्यक्रमको छनौट प्रक्रियामा सहभागी गराईने छैन।

(३) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी कार्यालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध

**१२. अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छ।

**१३. कारबाहीको ब्यवस्थाः** साझेदार संस्थाले सम्झौता बमोजिम कार्य नगरेमावा अनुदान रकमको दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम कारबाहि गरिने छ ।

**१४. संसोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे कार्यालयले आवश्यकता अनुसार संसोधन, परिमार्जनवा खारेज गर्न सक्नेछ ।

**१५. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरू यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

किस्पाङ गाउँपालिका

## अनूसूची-१

### (दफा ५ सँग सम्बन्धित)

### प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः ..................................**

आर्थिक वर्ष ..... ...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार किस्पाङ गाउँपालिकामा **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी) कार्यक्रम** संचालनका लागि यस गाउँपालिकाभित्रका इच्छुक निजी उद्यमी/कृषक समूह/सहकारीले यो सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिनभित्र यस गाउँपालिबाट स्वीकृतनमूना गाई/भैंसी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ अनुसार तोकिएको ढाँचामा आवश्यक काजगात संलग्न राखी यस गाउँपालिकाको पशु सेवा शाखामा आवेदन-पत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

**<u>आवेदन-पत्र साथ संलग्न गर्नु पर्ने न्यूनतम कागजातः</u>**

१. अनसूची-२ बमोजिमको आवेदन-पत्र,
२. अनुसूची-४ बमोजिमको लागत साझेदारी प्रतिबद्धतापत्र,
३. अनुसूची ५ अनुसारको स्वघोषणा,
४. अनुसूची ६ अनुसारको ब्यवसायीक कार्ययोजना
५. सम्बन्धित ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
६. निजी उद्यमी/सहकारीको उद्योग/बयवसायदर्ता प्रमाणपत्र प्रतिलिपि
७. प्यान दर्ता प्रमाणपत्र
८. गत आ.व.को करचुक्ता प्रमाणपत्र प्रतिलिपि (यसै वर्ष आर्थिक वर्ष स्थापना भएको हकमा लागु नहुने)
९. जग्गाको स्वामित्व देखिने प्रमाणकोप्रतिलिपी वा जग्गा भाडामा लिएको भए सूचना प्रकाशन भएको वर्षका हिसाबले कम्तिमा पाँच वर्षको करार सम्झौता अवधि भएको करारनामा पत्रको प्रमाणित प्रतिलिपी।
१०. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (भौतिक पूर्वाधार, बाटो, बिद्युत तथा पानीको सुविधा के-कस्तो भएको विवरण समेत खुलाईएको)

११. गाई/भैंसी बिमा गरिएको भए सो सम्बन्धि कागजात

१२. कृषक समूह/सहकारीको हकमा बैठकको निर्णय प्रतिलिपि (कार्यक्रममा सहभागी हुने कृषकको नाम ठेगाना समेत निर्णय भएको कार्यसमितिको निर्णय प्रतिलिपी) र छनौट गरिएकाकृषकको नाम रठेगाना खुलाइएको पत्र।

नोटः कार्यक्रम सम्बन्धी विस्तृत विवरण गा.पा.को सूचनापाटी र वेवसाईट www.kispangmun.gov.np मा हेर्न सकिनेछ।

किस्पाङ गाउँपालिका

**अनुसूची-२**
**(दफा ६ सँग सम्बन्धित)**
**आवेदन-पत्र**

मितिः......... ..... ....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

विषयः अनुदान सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

किस्पाङ गाउपालिका वाट मिति................... गतेको ...................... प्रकाशित सूचना अनुसार **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी)** कार्यक्रम सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन सूचनामा उल्लेख गरिए अनुसारका कागजात राखी यो प्रस्ताव पेश गरेको छु/छौं। प्रस्तावका गरिए अनुसारको अनुदान र स्व-लगानी रकमले गरिने कार्यहरु सम्बन्धित गाउँपालिको क्षेत्र भित्रै रहि गरिने व्यहोरा समेत अनुरोध छ।

**आवेदक**

नामः

पदः

ठेगानाः

संस्थाको नामः

सम्पर्क नम्बरः

संस्थाको छापः



किस्पाङ गाउँपालिका

**अनुसूची-३**

**(दफा १०(२) सँग सम्बन्धित)**

कार्यक्रमका लागि अनुदान रकम उलपब्ध गराउन सकिने क्रियाकलापहरू

१.कार्यक्रमको लागि प्रस्तावको ५० प्रतिशत भन्दा नबढ्ने गरि बढिमा २ लाख रूपैंया सम्म मात्र अनुदान रकम उपलब्ध गराउन सकिने छ।

२. निम्न उल्लेखित क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराउन सकिने छ।

| **क्र.स.** | **कृयाकलाप** |
|---|---|
| १ | आधुनिक प्रविधियुक्त गोठ निर्माण |
| २ | घाँसखेती व्यवस्थापन तथा पशु आहारमा नविनतम प्रविधिको प्रयोग |
| ३ | दुहुनो उन्नत गाई/भैसि खरिद |
| ४ | जैविक सुरक्षा व्यवस्थापन |
| ५ | मेशिनरी उपकरन खरिद |
| ६ | पशु नश्ल सुधार कार्यक्रम |
| ७ | गोबर तथा पिसाब ब्यवस्थापन |

किस्पाङ गाउँपालिका

**अनुसूची-४**
**(दफा ६ सँग सम्बन्धित)**
**लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

विषयः लागत साँझेदारी गर्ने प्रतिबद्धता सम्बन्धमा ।

महोदय,

किस्पाङ गाउँपालिका कार्यालयको मिति............ गते ...........कृषक समूह/सहकारी/निजी उद्यमीले को लागत साँझेदारीमा **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी)** कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो संस्थाले यस कार्यक्रम कार्यान्वयनका लागि कुल रु.. .......... .......... ..... लागत प्रस्ताव गरेको छ। तहाँबाट प्राप्त हुने अनुदान रकम रु. ................. ......... (अक्षरुपी रुपैंया............ .............. .......... .....) मा नपुग रकम हामी आफ्नै बाट व्यहोर्ने भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौ ।

<u>**आवेदक**</u>

नामः

पदः

ठेगानाः

संस्थाको नामः

सम्पर्क नम्बरः

संस्थाको छापः



किस्पाङ गाउँपालिका

अनुसूचि-५
(दफा ११ (१) सँग सम्बन्धित)
स्वघोषणा पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .............................. को सूचना अनुसार **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी)** कार्यक्रमका लागि यस संस्थाले तपसिलका बुँदाहरूमा प्रतिवद्धता ब्यक्त गर्दछु/गर्दछौं। यदि यस स्वघोषणा गलत ठहरे कुनै पनि समयमा हाम्रो प्रस्ताव रद्द हुनसक्ने व्यहोरा बारे हामी जानकार छु/छौं । यो घोषणा गलत ठहरेको अवस्थामा प्रचलित कानून बमोजिम सजायको भागिदार हुन मन्जुर रहेको र प्रस्तावका सम्बन्धमा कार्यालयले गर्ने निर्णयअन्तिम हुने र यसलाई स्वीकार्य हुने व्यहोरा समेत जानकारी गर्दछु/गर्दछौं।

तपसिलः

१. कुनै पनि बैंक, वित्तीय संस्था तथा सरकारी निकायको कालो सूचिमा नपरेको।
२. बिगत २ बर्षमा कुनै पनि सरकारी निकायबाट गाई/भैसी पालन सम्बन्धित कार्यका लागि ५० हजार वा सो भन्दा बढी रकम बराबरको अनुदान रकम लिएको छैन।

वा

बिगत २ बर्षमा पचास हजार भन्दा कम अनुदान प्राप्त गरेको भएमा,विगत २ वर्ष यता (आ.व. ........) मा..................................................................सरकारी निकायबाट .................................... रकम बराबर अनुदान लिएको र सो रकमको ........................................................................... काममा खर्च गरि सदुपयोग गरेको ब्यहोरा अनुरोध गर्दछु / गर्दछौं।

**<u>आवेदक</u>**
नामः
पदः
ठेगानाः
संस्थाको नामः
सम्पर्क नम्बरः
संस्थाको छापः

## अनुसूची-६
(दफा ६ सँग सम्बन्धित)
## कार्यक्रमको व्यवसायीक कार्ययोजना

### १. आवेदक संस्था

### १.१ आवेदक संस्थाको नाम ठेगानाः

| | |
|---|---|
| आवेदक संस्थाको नाम | |
| ठेगाना | |
| संस्था दर्ता मिति | |
| संस्था दर्ता भएको निकाय | |
| प्यान / भ्याट दर्ता | |
| सम्पर्क नम्बर | |
| ईमेल | |
| कार्यक्रम हुने स्थान | |

### १.२ प्रस्तावित कार्यक्रमको सक्षिप्त विवरण

| | |
|---|---|
| कार्यक्रमको कुल लागत | |
| अनुदान माग गरेको रकम | |
| आफ्नै श्रोतबाट ब्यहोर्ने रकम | |
| कार्यक्रम शुरू हुने मिति | |
| कार्यक्रम समाप्त हुने मिति | |

किस्पाङ गाउँपालिका

### १.३ संचालक समिति / कार्यसमिति पदाधिकारीहरूको नामावली

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

### २. पशुपालनको वर्तमान अवस्थाः

(पशुको शारीरिक अवस्था अनुसार माउ, बाच्छा बाच्छी, पाडा पाडी आदि छुट्टै उल्लेख गर्नु पर्नेछ। हाल बीमा गरिएको पशु संख्या कैफियतमा खुलाउनु पर्नेछ)

| क्र.स. | पशु प्रजाती | पशुको जात | हाल पालिरहेको संख्या | कार्यक्रम पश्चात पालिने संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

### ३. भौतिक संरचना तथा जग्गा सम्बन्धि विवरण

(हाल भईरहेको वा कार्यक्रम संचालन पश्चात विस्तार गरिने हो सो विवरण स्पष्ठ कैफियतमा खुलाउने, जग्गा तथा भौतिक संचरना आफ्नै वा भाडामा रहने सो विवरण पनि कैफियतमा स्पष्ठ खुलाउनु पर्नेछ। भाडामा भए करार सम्झौता भएको मिति तथा करार अवधि समेत खुलाउने)



किस्पाङ गाउँपालिका

| क्र.स. | धनिको नाम ठेगाना | जग्गा / संरचनाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| (क) | प्रस्तावका लागि उपलब्ध जग्गा सम्बन्धि विवरण (भाडामा भए करार सम्झौता मिति तथा करार अवधि समेत खुलाउने) | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| (ख) | भौतिक संरचना सम्बन्धी विवरण (प्रस्ताव गरिएका प्रत्येक भौतिक संरचनाहरू छुट्टा-छुट्टै खुलाई कैफियतमा थप कुन कुन जग्गामा रहेको / रहने स्पष्ठ खुलाउने) | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| (ग) | घाँस खेती सम्बन्धी विवरण | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. प्रस्तावित कार्यक्रमको उद्देश्य

| क्र.स. | उद्देश्य |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

किस्पाङ गाउँपालिका

| | |
|---|---|
| ६ | |

**५. प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा भौतिक पूर्वाधारहरू**

| | | | |
|---|---|---|---|
| सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| फार्ममा पुग्ने कस्तो सडक छ (कच्ची/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी) | |
| खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा/सेयर होल्डर/प्रोपराइटर) | |

**६. प्रस्तावित कार्यक्रम कार्यान्वयन कार्ययोजना**

| क्र.स. | कार्यक्रम | ईकाई | परिमाण | महिना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**७. कार्यक्रम कार्यान्वयन पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरू**

(प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरू मात्र उल्लेख गर्नुपर्ने)

किस्पाङ गाउँपालिका

| क्र.स. | अपेक्षित उपलब्धिहरू | परिमाण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

**८. उत्पादन हुने वस्तुको प्रयोग तथा बिक्रि-बितरण विवरण**

| क्र.स. | उत्पादित वस्तु | उत्पादन परिमाण | प्रयोग तथा बिक्रि-बितरण कसरी गरिने | अग्रिम सम्झौता भए/नभएको |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**९. फार्मका कामगर्ने कामदार विवरण (संचालक/कार्यसमिति बाहेक)**

(फार्म संचालनका लागि फार्म धनी तथा परिवारले पूर्ण श्रम खर्च गर्ने गरि कार्य गर्ने भए सो संख्या समेत उल्लेख गरि कैफियतमा खुलाउनु पर्ने )

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/पुरूप | कार्यअनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| प्रस्तावित कार्यक्रम संचालन गर्न थप जनशक्ति आवश्यक भएको खण्डमा मात्र तल खुलाउने | | | | |



किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

### १०. साझेदारीमा लगानी गर्नुपर्ने रकमको स्रोत (आवेदकले लगानी गर्ने विवरण मात्र उल्लेख गर्नुपर्ने)

| क्र.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्तीको स्रोत | बाहिरी स्रोतबाट प्राप्त | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

### ११. ऋण लिएको विवरण

ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरण

| लगानी गर्ने बैंक/वित्तीय संस्था | ऋण लिनुको उद्देश्य | रकम रू | ऋण लिएको अवधि | ऋण चुक्ता गरेको भए सो को मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलाप तथा उपलब्धिहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

### १२. आर्थिक प्रस्ताव

| क्र.स. | क्रियाकलाप | ईकाई | परिमाण | अनुदान रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

किस्पाङ गाउँपालिका

**खण्डः६ ) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः७**

| क्र.स. | क्रियाकलाप | ईकाई | परिमाण | अनुदान रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| | **जम्मा (क)** | | | | | |
| | **कन्टिन्जेन्सी २% (ख)** | | | | | |
| | **कुल जम्मा (क + ख)** | | | | | |

नोटः उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं। कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौ।

**प्रस्तावकतर्फबाटः**

नामः मिति

हस्ताक्षरः

छापः

किस्पाङ गाउँपालिका

## अनुसूचि-७

## आवेदक संस्थाले पालना गर्नु पर्ने मापदण्ड

आवेदक संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम संचालन गर्न देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछः-

(१) **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी)** कार्यक्रम संचालन गर्न आवेदक नीजि व्यवसायी कृषक/सामुहिक व्यवसायी कृषक प्रतिवद्ध हुनु पर्नेछ ।

(२) आफ्नै स्वामित्वमा जग्गा भएका आवेदक संस्थालाई प्रथामिकता दिईने छ। सो नभएमा आवेदक संस्थाको लगानीकर्ता वा निजीले जग्गा कम्तीमा ५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ ।

(३) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यताको आधार अध्ययन गरेर छनौट प्रकृयामा आवेदकलाई प्रथामिकता दिईनेछ। ।

(४) आवेदक नीजि व्यवसायी कृषक/सामुहिक व्यवसायी कृषकले अन्य ठाँउमा यस्ता खालका कार्यक्रम संचालन गरेको भए उल्लेख गर्नुपर्नेछ ।

(५) यस कार्यक्रमबाट अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले प्रस्ताव अनुसार निर्माण कार्य गर्दा अनिवार्य रूपमा डिजाईन/ईस्टिमेट स्वीकृत गराई मात्र गर्नुपर्नेछ।

(६) आवेदक नीजि व्यवसायी कृषक/सामुहिक व्यवसायी कृषकले कार्यक्रम संचालन गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/नियम पालन गरेको हुनु पर्नेछ ।

(७) गोठ निर्माण गर्दा निम्न उल्लेखित मापदण्डलाई आधार मानी डिजाईन/ईस्टिमेट तयार गर्न सकिनेछ।

| **क्र.स** | **विवरण** | **नाप (लम्बाई.चौडाई)** |
|---|---|---|
| १. | भुइको क्षेत्रफल  (प्रति गाई) | १.५-१.७मी x १.० - १.२मी = १.५ - २.०४ वर्ग मी |
| २ | नालीका चौडाई | ३० से.मी. |
| ३ | दानाको डुँडको पिधको भित्री चौडाई | ४० से.मी |
| ४ | पानीको डुँडको लम्बाई | ३५ से.मी |

किस्पाङ गाउँपालिका

## अनुसूचि-८

**(दफा ७ सँग सम्बन्धित)**

**स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा**

क. आवेदक संस्थाको नामः

ख. कार्यक्रम संचालन स्थलको ठेगानाः

ग. स्थलगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्था

| भौतिक पूर्वाधार | भए / नभएको | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजूली | | |
| पानी | | |
| बजार सुविधा | | |
| अन्य ........................ | | |

**२. चरन तथा घाँस खेतीको अवस्था**

| | घाँस खेती | चरन क्षेत्र |
|---|---|---|
| जग्गाको स्वामित्व | | |
| घाँस खेती क्षेत्रफल | | |
| मूख्य घाँसका जातहरू | | |

**३. पशुपालन तथा उत्पादनको अवस्था**

| पशु प्रजाती | पशु संख्या | | | उत्पादन बिक्रि (दुध) |
|---|---|---|---|---|
| | माउ | बाच्छा/बाच्छी/ पाडा/पाडी | साढे / राँगो | |
| गाई | | | | |

किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| भैंसी | | | | |
| अन्य | | | | |

४. प्रयोग भईरहेका मेशिनरी औजार/उपकरणहरू

| नाम | स्पेशिफिकेसन | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

५. भौगोलिक हिसाबले उपयुक्त भए/नभएको राय

६. संस्थाले गरेका नविनतम कार्यहरू

७. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

८. स्थलगत निरिक्षण टोलिको राय (छनौटको लागि सिफारिस गर्न उपर्युक्त भए/नभएको कारण समेत)

स्थलगत निरिक्षण टोलीको विवरण

किस्पाङ गाउँपालिका

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**अनुसूची-९**

**(दफा ६ सँग सम्बन्धित)**

**प्रस्ताव छनौटका लागी मुल्याङ्कनका आधारहरुः**

१. आवेदक संस्थाको नामः

२. कार्यक्रम संचालन स्थलको ठेगानाः

३. प्रस्तावित कार्यक्रमको नामः

४. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | | |
| १.१ | सडक सुविधा भएको | ४ | | |
| १.२ | बिजुली सुविधा भएको | ३ | | स्थानिय तहको सिफारिस |
| १.३ | पानीको सुविधा भएको | ३ | | |
| १.४ | जग्गाको स्वामित्व | १० | | |
| १.४.१ | आफ्नै भएको | १० | | प्रमाण देखिने कागजात |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | ८ | | |

किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| १.४.३ | लिज मा लिएको | ६ | | |
| २. | संस्था दर्ता तथा कार्य अवधी | ५ | | |
| २.१ | ५ वर्ष वा सो भन्दा बढी | ५ | | |
| २.२ | २ वर्ष भन्दा बढी तर ५ बर्ष भन्दा कम | ४ | | |
| २.३ | २ वर्ष भन्दा कम | ३ | | |
| २.४ | हालसालै (यहि आ.व. मा स्थापना भएको) | १ | | |
| ३ | फार्ममा हाल रहेका वयश्क पशु संख्या | २० | | (प्रस्तावित कार्यक्रमबाट थप गरिने बयस्क पशु संख्या गणना नहुने) |
| ३.१ | ६भन्दा बढि | २० | | |
| ३.२ | ५ देखि ६ सम्म | १८ | | |
| ३.३ | ३ देखि ४ सम्म | १५ | | |
| ३.४ | २ वा कम | १० | | |
| ४ | जैविक सुरक्षाको अवस्था | १० | | |
| ४.१ | उत्तम | १० | | गोठमा दुर्गन्ध रहित, मलमुत्र तथा फोहोर व्यवस्थापन र तार वार गरिएको |
| ४.२ | राम्रो | १० | | |
| ४.३ | सामान्य | ५ | | |
| ५ | घाँस खेति तथा आहारा व्यवस्थापन हुने सुनिश्चितता | ५ | | |
| ६ | पशु बिमा | ५ | | (हाल फार्ममा रहेका बयश्क तथा कोरेली पशु मात्र गणना गरिने) |

किस्पाङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ६.१ | ५०% भन्दा माथि पशुको विमा गरेको | ५ | | |
| ६.२ | ५०% सम्म वा कम विमा गरेको | ३ | | |
| ६.३ | पशु बिमा नगरिएको | ० | | |
| ७ | वित्तिय क्षमता (स्वलगानी गर्ने स्रोत सुनिश्चित हुने आधारहरूका आधारमा) | ५ | | गत बर्षको कारोबार, नाफा वा बैंकको ऋण लगानी गर्ने प्रतिबद्धता लगायतका आधारमा गरिने |
| ८ | मेशिनरी औजार उपकरणहरूको प्रयोग तथा नविनतम कार्यहरू | १० | | |
| ९ | स्विकृत कार्यविधि अनुसारको थप आधारहरु | २० | | |
| ९.१ | प्राविधिक प्रस्ताव गुणस्तर (कार्ययोजना) | १० | | |
| ९.२ | आर्थिक प्रस्ताव गुणस्तर (डिजाइन/ईस्टिमेट) | १० | | |
| | जम्मा | १०० | | |

नोटः मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्रथामिकता दिइने छ ।

अनुसूची-१०

(दफा ९ सँग सम्बन्धित)

द्विपक्षिय सम्झौता पत्र

किस्पाङ गाउँपालिका कार्यालयको आ.व ......... .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत व्यवसायी कृषक/सामुहिक व्यवसायी कृषकको लागत साझेदारीमा **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी)** कार्यक्रम संचालन गर्ने सम्बन्धि मिति...... ........... ........... गतेको ..... ....... .......... कार्यालयाको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... .... .... .... को प्रस्ताव छनौट भएको हुँदा किस्पाङ गाउपालिका कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री... ..... ........ ............ ............ .......... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

तपशिल

(१) प्रथम पक्षले लागत साँझेदारीमा **१०+२, स्नातक अध्ययन नमुना पशु फार्म सुधार, विकास र विस्तार (गोठ सुधार, दुहुनो गाई भैंसी)** कार्यक्रम संचालन कार्यक्रमको लागि कुल लागत रु......... ........... ............ मध्यको नियम अनुसार कन्टेन्जेन्सी रकम कट्टा गरी दोस्रो पक्षलाई रु....... ............ ............ (अक्षरुपि रुपैयाँ........... .......... ................ ............) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव देखेमाा दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमाा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैंङ्क खाता मार्फत गर्नेछ ।

(३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, इष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम रााखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(४) कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्बन्धि डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(५) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

(६) दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित वोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(७) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(८) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित किस्पाङ गाउँपालिका तथा पशु सेवा शाखा मा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(९) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्पन्न गर्नुपर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुनेछैन ।

(१०) दोश्रो पक्षले नमूना गाई/भैंसी पालन,विकास र बिस्तार कार्यक्रम अधुरो छाडी कार्यक्रमको दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गर्नेछ ।

(११) कार्यक्रम संचालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| | |
|---|---|
| **<u>दोस्रो पक्षको तर्फबाटः</u>** | **<u>प्रथम पक्षको तर्फबाटः</u>** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |

किस्पाङ गाउँपालिका

पदः | पदः
संस्थाः | कार्यालयः
छापः | छापः

**<u>रोहवर</u>**

हस्ताक्षरः | हस्ताक्षरः
नामः | नामः
पदः | पदः
संस्थाः | कार्यलयः
छापः | कार्यालयको छापः

इति सम्वत्.................. साल......................... महिना............ गते रोज.................. शुभम्।

आज्ञाले,
महा प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका